# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल


प.सं.:

च.नं..: मिति: २०७८/०३/२९

## सुचना ! सुचना !! सुचना !!!

प्रस्तुत विषयमा नेपाल सरकार माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीस्तरको मिति २०७८/०३/२८ गते, गण्डकी प्रदेश स्तरीय खोप समन्वय तथा अनुगमन समितिको मिति २०७८/०३/२८ गते र DCCMC तनहुँको मिति २०७८/०३/२९ गतेको बैठकको निर्णयानुसार कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भेरोसिल खोपको हकमा खोपको उपलब्धताका आधारमा स्वास्थ्य सेवा विभागले तोकेका मापदण्ड भित्र रहि तोकिएको लक्षित समूहका लागि मिति २०७८/०३/३१ गते खोप लगाइने हुँदा खोप केन्द्रमा जनस्वास्थ्य सुरक्षाका मापदण्डहरु अपनाई खोप सञ्चालन हुने भएकोले सम्बन्धित खोप केन्द्रमा गई खोप लगाउनु हुन सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**खोप दिने लक्षित समूह :**

१. ५५ वर्ष र सो माथिका उमेर समूहका कोभिड विरुद्ध पहिलो मात्रा खोप लगाउन बाँकी सबै नागरिकहरु,
२. विश्वविद्यालय, विद्यालयका प्राध्यापक, शिक्षक र कर्मचारीहरु,
३. सार्वजनिक यातायातमा कार्यरत चालक र सहचालकहरु,
४. नेपाल सरकारले तोकेका अत्यावश्यक सेवामा संलग्न खोप लगाउन बाँकी व्यक्तिहरु,
५. खोप अनिवार्य गरेका देशमा जाने नेपाली नागरिकहरु ।

**खोप दिने/लिने आधार :**

- उमेर समूहको हकमा : उमेर खुल्ने आधिकारिक प्रमाण (नागरिकता, पासपोर्ट, सवारी चालक प्रमाण पत्र, शैक्षिक प्रमाण पत्र र सो नभएमा पालिका, वडाबाट उमेर प्रमाणित कागजात) ।
- सार्वजनिक यातायातका चालक, सहचालकहरुको हकमा आधिकारिक परिचय पत्र र सवारी साधन नं. सहित व्यवसायी संघबाट तथ्यगत विवरण माग गरि प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित सूचिको आधारमा
- अत्यावश्यक सेवा प्रवाह (प्रमुख जिल्ला अधिकारीले तोकेका सेवाहरु) मा संलग्न व्यक्तिहरुको हकमा आधिकारिक परिचयपत्रको आधारमा ।
- विश्वविद्यालय र विद्यालयका शिक्षक एवं कर्मचारीहरुको हकमा सम्बन्धित संस्थाको आधिकारिक परिचय पत्रको आधारमा ।
- खोप अनिवार्य गरेका देशमा जाने नेपाली नागरिकहरुको हकमा पासपोर्ट र भिसाको आधारमा ।
- पूर्ण र अति अशक्त अपाङ्गता (वर्ग क र ख) भएका नागरिकहरुको हकमा नेपाल सरकारले जारि गरेको प्रमाणपत्रका आधारमा ।

**सम्पर्कको लागि :**

देवघाट धर्मार्थ अस्पताल, ९८४५४४७१५०, ९८४६३०३७२२
सिंच्याङ्ग स्वास्थ्य चौकी, ९८४६१६२१८६
छिपछिपे स्वास्थ्य चौकी, ९८४८४३६४४६
वैदी स्वास्थ्य चौकी, ९८४५३२७६१५
कोटा स्वास्थ्य चौकी, ९८४५०२७४७८
खाल्टे सामुदायिक स्वास्थ्य इकाई, ९८४६७६५१९३
जनस्वास्थ्य इकाई देवघाट, ९८४४२०९९४५

२०७८/३/२९
(नरहरि सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत

**मिति : २०७८/०३/३१, समय : विहान ११:०० बजे देखि ४:०० बजे सम्म**